# प्यूठान नगरपालिका
## प्यूठान नगर राजपत्र

खण्ड ४ भाग १ संख्या २ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मिति : २०७८।०५।२०


### प्यूठान नगरपालिको न्यायिक समिति मुद्दा पिडित व्याक्तिहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रम सन्चालन कार्यविधि २०७८

**प्रस्तावना**

मुद्दा पिडित व्याक्तिहरुको लागि मनोपरामर्श कार्यवाट मानसिक रुपमा स्वस्थ्य राख्नुको साथै जिवन स्तरमा सुधार ल्याउन र पिडितलाई पहिलेकै अवस्थामा पुर्नस्थापित गरी जीउन सहज वातावरण सृजना गर्न मुद्धा पिडित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रम सन्चालन कार्यविधि सम्वन्धमा आवस्यक व्यवस्था गर्न वान्छनिय भएकोले प्यूठान नगरपालिकाले यो कार्यविधि वनाई लागु गरेको छ ।

परिच्क्षेद १

**१) सक्षिप्तनाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम"प्यूठान नगरपालिकाको मुद्धा पिडित ब्याक्तिहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रम सन्चालन कार्यविधि २०७८"हुनेछ ।

ख) यो कार्यविधि प्यूठान नगरपालिकाको कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा**

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१) "नगरपालिका"भन्नाले प्यूठान नगरपालिकालाई जनाउँछ ।

२) "नगरकार्यपालिका"भन्नाले प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालय लाई जनाउँछ ।

३) "न्यायिक समिति"भन्नाले प्यूठान नगरपालिकाको न्यायिक समितिलाई जनाउँछ ।

४) "उजुरी" भन्नाले बिवक्षि किटानी गरि आफुलाई पिरमर्का , बाधा वा अन्यायमा परेको ठानी न्याय पाउनको लागि नगरपालिकाको न्यायिक समितिमा पेश गरेको लिखतलाई जनाउँदछ ।

५) "मनोसामाजिक परामर्श कर्ता"भन्नाले मनोसामाजिक विषयमा दक्षता हासिल व्यक्ति जनाउँछ ।

६) "परामर्श"भन्नाले सुझाब वा सल्लाहलाई जनाउदछ ।

७) "प्रथमपक्ष र दास्रो पक्ष"भन्नाले स्थानिय सरकार सन्चालन ऐन २०७४ वमोजिमको न्यायिक

समिति क्षेत्राधिकार भित्र भएका विवादमा उजुरी दिने व्यक्ति प्रथम पक्ष र सोउजुरीको लिखित प्रतिउत्तर दिने व्यक्ति दोस्रो पक्ष जनाउँछ ।

८) "ऐन"भन्नाले प्यूठान नगरपालिकाको न्यायिक समिति कार्यविधि सम्बन्धि ऐन २०७५ जनाउँदछ ।

९) "मेलमिलापकर्ता" भन्नाले प्यूठान नगरपालिकाको मेलमिलाप सम्वन्धि कार्यविधि २०७७अनुरुप सुचिकृत मेलमिलाप कर्तालाई जनाउँछ ।

१०) "कार्यविधि"भन्नाले प्यूठान नगरपालिकाको लैङ्गिक हिंसा सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि २०७८जनाउँदछ।

११) "मुद्धा पिडित व्यक्ति"भन्नाले न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने उजुरी दायर पछि प्रथम पक्ष वा दोस्रो पक्षको संरक्षण गर्नु उचित देखिएको व्यक्तिलाई जनाउँछ ।

१२) "संरक्षक"भन्नाले हिंसा पिडित व्यक्तिको एकाघर परिवारको पालन पोषण एंव सुरक्षा गर्न व्यक्तिलाई जनाउँछ ।

१३) "सन्चालक समिति"भन्नाले दफा ५ वमोजिमको समितिलाई जनाउँछ ।

१४) "अध्यक्ष"भन्नाले दफा ५ वमोजिमकासन्चालन समितिको अध्यक्षलाई जनाउँछ ।

१५) "उजुरी प्रशासक"भन्नाले प्यूठान नगरपालिकाको न्यायिक समितिको कामकार्वाही र अभिलेख राख्ने व्यक्तिलाई जनाउँछ ।

१६) "प्रमुख प्रशासकिय अधिकृत"भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ

**३)उद्देश्य**

क) न्यायिक समितिको क्षेत्राधिकार भित्रका मुद्धामा पिडित भई मानसिक रुपमा असर परेका पिडित व्यक्तिको पहिचान गरी उनिहरुलाई निरन्तर सहयोग गर्न व्यवस्था मिलाउने ।

ख)महिला,असक्त, अपाङ्ग, वृद्ध लगाएत अन्य वर्गलाई समेत न्यायमा पहुँच अभिवृद्धि गरि मुद्धाका कारण मानसिक विचलन हुनबाट बचाउने ।

ग) मनोसामाजिक रुपमा पिडित व्यक्तिहरुको अभिलेख व्यवस्थापन गर्ने ।

घ) नियम ३ को ख माजुनसुकै कुरा लेखिएकौ भएतापनि प्यूठान नगरपालिका भित्रका अन्य अत्यावस्यक मनोसामाजिक परामर्श दिनु पर्ने मनासिव आधार देखिएका सेवाग्राहिलाई सन्चालक समितिको निर्णय अनुसार सेवाप्रदान गरिनेछ ।

**परिच्छेद २**

**४) कार्यक्रमव्यवस्थापन**

१) प्यूठान नगरपालिकाको मुद्दा पिडित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रममा न्यायिक समितिका क्षेत्राधिकारको उजुरीको पहिलो र दोस्रो पक्षमध्ये पिडित पक्षलाई आर्थिक सहयोग गरी टेवा पर्याइनेछ ।

२) प्यूठान नगरपालिकाले मुद्दा पिडित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रम सन्चालन गर्न आवस्यक वजेट व्यवस्थागर्नेछ ।

५) कार्यक्रम सन्चालन तथा व्यवस्थापन समिति

१)प्यूठान नगरपालिकाको मुद्दा पिडित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रम सन्चालन तथा व्यावस्थापनको लागि देहाय वमोजिमका पदाधिकारी रहने गरि एक कार्यक्रम व्यवस्थापन तथा सन्चालन समिति रहनेछ ।

क) उप-प्रमुख प्यूठान नगरपालिका - अध्यक्ष

ख) प्रमुख प्रशाकिय अधिकृत - सदस्य

ग) उजुरी प्रसासकवा सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

घ) आवस्यकता अनुसार सम्वन्धित क्षेत्रको विषय विज्ञलाई वैठकमा आमन्त्रीत गर्न सकिनेछ ।

२) सन्चालक समितिको कामकर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

क) मनोसामाजिक परामर्श कार्यक्रम सन्चालन गर्नको लागि मुद्धा पिडित व्यक्तिहरुको यकिन परीचालन गरि कार्यक्रम सन्चालन गर्ने ।

ख) मुद्धा पिडित व्याक्तिहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रम अनुगमन गर्ने ।

ग) न्यायिक समितिको क्षेत्राधिकार भित्रका मुद्धाको मुद्धा पिडित र मनोसामाजिककर्ता वाट लाभग्राही मुद्धाहरुको घटनाको अभिलेख राख्ने ।

६ सन्चालक समितिको वैठक र निर्णय

क) मुद्धापिडित व्याक्तिहरुको लागि मनोसामाजिक परामर्श सन्चालक समितिको वैठक आवस्यकता अनुसार वस्नेछ ।

ख ) सन्चालक समितिको वैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा वस्नेछ ।

ग) सन्चालक समितिको वैठक बसि कार्यक्रम कार्यान्यन लागि प्रस्ताव तयार पार्नेछ ।

घ) सन्चालक समितिको बैठक सम्वन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**७) मनोसामाजिक परामर्शकर्ता छनौट प्रक्रिया र परिचालन**

प्यूठान नगरपालिका क्षेत्रमा बसोवास गरी मनोसामाजिक परामर्शकर्ताको रुपमा योग्यता हासिल गरेको नेपाली नागरीक निम्न प्रमाण पत्रको आधारमा सुचना प्रकासितमितिले १५ दिनमा सुचिकृत र प्रत्येक वर्षको प्रथम चौमासीकमा अद्यावधिक हुनुपर्नेछ ।

आवश्यक योग्यता

क) नेपालीनागरिकता

ख) शैक्षिक योग्यताको प्रमाणपत्र

ग)मनोसामाजिक परामर्शकर्ता को प्रमाण-पत्र

घ) कार्यअनुभवको प्रमाण-पत्रभए सोको प्रतिलिपी

**८) सुविधा ( यातायात र खाजाखर्च ) सम्बन्धिव्यावस्था**

प्यूठान नगरपालिका मुद्धा पिडित व्यक्तिहरुको मनोसामाजिक परामर्श प्रदान गरेवापत यातायात तथा खाजा खर्च स्वरुप १ बसाईको रु १०००। उपलब्ध गराइनेछ ।

**९) भक्तानी सम्वन्धिव्यावस्था**

मनोसामाजिक परामर्शकर्ताले सेवाप्रदान पस्चात प्यूठान नगरपालिकाको कार्यालयमा आवश्यक कागजात सहित रकम भुत्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ ।

आज्ञाले,
थानेश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
२०७८।०५।२०